# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## कोशी प्रदेश, नेपाल

(स्वास्थ्य शाखा)

पत्र संख्या : २०८३/८४
चलानी नं. : ०००२७

मिति: २०८३।०४।०४
ने.स : ११४६ दिल्लाथ्व ७ सोमबार

**श्री सरोकारवालाहरु सबै ,**
**देवानगञ्ज गाउँपालिका,सुनसरी ।**

**बिषय : नविकरण सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस देवानगञ्ज गाउँपालिकाका विभिन्न वडाहरुमा स्थायी बसोबास गरिरहेका मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामी भई उपचार गराईरहेका बिरामीहरुले यस गाउँपालिका कार्यालयमा दर्ता भई औषधि उपचार खर्च बापत मासिक रु.पांच हजारका दरले सेवा सुविधा पाई रहनु भएका विरामीहरुले आ.व. २०८३/०८४ का लागि २०८३ साल श्रावण महिना देखि सेवा सुविधा पुन: सुचारु गर्नका लागि देहायमा उल्लिखित बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी २०८३ साल भदौ मसान्तभित्र यस देवानगञ्ज गाउँपालिकाको स्वास्थ्य शाखामा नविकरण गराउनु हुन जानकारीको लागि अनुरोध छ। साथै नयाँ दर्ता गर्नु हुने बिरामीहरुले सोहि बमोजिमका आवश्यक कागजातहरु पेश गरि दर्ता गर्नु हुन सम्बन्धीत सरोकारवालामा जानकारीका लागि अनुरोध छ।

<u>नविकरणका लागि चाहिने आवश्यक कागजातहरु</u>

१.अस्पतालबाट रोगको निदान भएको कागजात

२.उपचाररत अस्पतालको चिकित्सकले प्रमाणित गरेको अनुसूची-१

३. हाल उपचार गरिरहेका फलोअपका कागजातहरु

४.अनुसूची -२ वडाबाट प्रमाणित कागजात (सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र)

५.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नावालकको हकमा जन्म दर्ताको प्रतिलिपि)

६.बिरामीको नाममा रहेको बैंक खाताको चेकको फोटोकपी

२०८३।४।४

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ :-**
श्री सूचना प्रविधि शाखा , देवानगञ्ज गाउँपालिका ,सुनसरी

देवानगञ्ज, सुनसरी , फोन न.: ९८५२०४३६६७ फ्याक्स : ..........
इमेल : dewanganjmun@gmail.com वेबसाइट: ..........

**"खुशी किसान, देवानगञ्जको पहिचान"**